# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मसुरिया, देउखुरी दाङ


**(कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।१४)**

# मुक्त कमैया पुनस्थापना कार्यविधि २०८०

**प्रस्तावनाः**

मुक्त कमैयाहरूको पहिचान, पुनस्थापन कार्य सम्पन्न गर्न र वृत्ति विकास लगायतका कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउदै मुक्त कमैया तथा कम्लहरी परिवारहरूको जीवनस्तरमा सुधार ल्याउन आवश्यक भएकोले राप्ती गाउँपालिकाले नेपालको संविधान २०७२ को धारा ५१ ञ(६) को भावना र मर्म अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरि मुक्त कमैया पुनस्थापना कार्यविधि २०८० जारि गरिएकोछ ।

## परिच्छेद १
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१) संक्षिप्त नाम र प्रारम्भ (१) यस कार्यविधिको नाम "मुक्त कमैया पुनस्थापना कार्यविधि २०८०" रहेको छ । यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२) परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- क) "समिति" भन्नाले यस कार्यविधि बमोजिम स्थापना भएको मुक्त कमैया पुनस्थापना समितिलाई सम्झनु पर्दछ ।
- ख) "स्थानिय तह" भन्नाले राप्ती गाउँपालिकालाई सम्झनु पर्दछ ।
- ग) "वडा कार्यालय" भन्नाले यसै गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।
- घ) "कार्यपालिका" भन्नाले यसै गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।
- ङ) "वडा समिति" भन्नाले यसै कार्यबिधि बमोजिम वडा स्तरमा गठन भएको मुक्त कमैया सहजीकरण समितिलाई सम्झनु पर्दछ ।
- च) "गणना टोली" भन्नाले यसै कार्यविधि बमोजिम वडा स्तरमा विभिन्न स्थानमा गई छुट मुक्त कमैयाहरूको लगत तथा तथ्यांक संकलन गर्ने टोलीलाई सम्झनु पर्दछ ।
- छ) "मुक्त कमैया"भन्नाले २०५७ साउन २ गते तथा २०७० असार १३ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरि पुनस्थापन भएका र हुन बांकी मुक्त कमैया परिवार तथा मुक्त कमलरी सम्झनु पर्दछ ।
- ज) "छुट मुक्त कमैया कम्लहरी " भन्नाले २०५७ साउन २ गते मुक्त कमैया तथा २०७० असार १३ गते मुक्त कम्लहरी नेपाल सरकारले मुक्त घोषणा गरि तथ्यांक संकलन गर्दा तत्कालिन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्त कमैया तथा मुक्त कमलरीहरूलाई सम्झनु पर्दछ ।
- (झ) "विकास साझेदार संस्था" भन्नाले पुनस्थापन कार्यमा आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने नेपाल सरकारको स्वीकृति लिई नेपाल भित्र कार्यरत संस्था वा दातृ निकाय लगायत नीजि क्षेत्रलाई सम्झनुपर्छ ।
- (ञ) "लगत संकलन सहजीकरण समिति" भन्नाले दफा ४ बमोजिमको सहजीकरण समिति सम्झनुपर्छ ।
- (ट) "लगत" भन्नाले यसै कार्यविधि बमोजिम वडा कार्यालय मार्फत् संकलन गरिने मुक्त कमैयाहरूको विवरण तथा तथ्यांकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## लगत संकलन, प्रमाणिकरण र परिचयपत्र वितरण

**३) छुट मुक्त कमैयाको लगत संकलन गर्ने निर्णय र सूचना प्रकाशनः**

(१) मुक्त कमैया पुनस्थापना समितिले मुक्त कमैया, कम्लहरी तथा छुट मुक्त कमैया कम्लहरीहरूको लगत संकलन गर्ने सम्बन्धमा निर्णय गरी सूचना प्रकाशन गर्न सबै वडा कार्यलयहरूलाई निर्देशन दिने र सबै वडा कार्यालयमा तोकिएको ढाँचामा गणना टोली समक्ष आफ्नो विवरण बुझाउन सबैको जानकारीको लागि अनुसूची ३ बमोजिमको ढाँचामा सूचना प्रकाशित गर्ने ।

(२) स्थानीय तहले छुट मूक्त कमैया रहेका वडामा लगत संकलन सहजीकरण समितिको गठन गर्ने व्यवस्था मिलाउने ।

(३) सम्बन्धित वडाले लगत संकलन सहजीकरण समिति गठन गर्ने ।

(४) वडाबाट लगत संकलन कार्य सम्पन्न भई पालिका स्तरीय समितिमा पेश भईसकेपछि कार्यपालिका वा पालिका स्तरीय समितिले भूमि सम्बन्धी विषय हेर्ने शाखालाई कमैया पुनस्थापना सम्वन्धी कामको जिम्मेवारी तोक्ने ।

(५) लगत संकलन र स्वघोषणाको ढाँचा यसै कार्यविधिको अनुसुची १ मा राखिएको छ ।

**४. लगत संकलन सहजीकरण समिति गठनः**

(१) छुट मुक्त कमैयाहरूको लगत संकलन कार्यको व्यवस्थापन गर्न सम्बन्धित वडामा देहाय वमोजिमको सहजीकरण समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित वडाको वडा अध्यक्ष | – संयोजक |
| (ख) | सम्बन्धित वडाको मुक्त कमैया प्रतिनिधि १ जना | – सदस्य |
| (ग) | वडा कार्यालयको सचिव १ जना | – सदस्य |

**(५) लगत संकलन सहजीकरण समितिको काम, कर्तब्य र अधिकारः**

(क) आफ्नो वडामा लगत संकलनकार्य गर्न वडाको जनसंख्या र भूगोलको आधारमा गणक नियूक्त गर्ने ।

(ख) गणक नियुक्त गर्दा मूक्त कमैयाको समेत संलग्नता अनिवार्य गराइनेछ ।

(ग) लगत संकलन प्रारम्भ गर्नु अघि गणकलाई प्रशिक्षण (अभिमुखीकरण) को व्यवस्था मिलाउने ।

(घ) लगत संकलन कार्यको लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने ।

(ङ) लगत संकलन कार्यमा कुनै समस्या आइपरेमा सोको समाधान गर्ने ।

(च) गणना टोलीले संकलन गरेको लगत वडा समितिले प्रमाणित तथा सिफारिस गरि पालिका स्तरको मुक्त कमैया तथा कम्लहरी पुनस्थापना समिति समक्ष पेश गर्ने ।

(छ) गणकको लागि कम्तीमा बाह (दश जोड दुइ) कक्षापास गरेको र कम्प्यूटर चलाउन सक्ने योग्यता भएको हुनुपर्नेछ ।

**६) लगत संकलनको विधि र आधारः**

(क) सूचना प्रकाशित भएको मितिदेखि गणकले तोकिएको क्षेत्रमा गई अनुसूची १ अनुसारको फारममा लगत संकलन कार्य सम्पन्न गर्नुपर्नेछ ।

(ख) नेपाल सरकारले कमैया मुक्ति तथा कमलरी मुक्तिको घोषणा गर्दा तत्कालिन अवस्थामा छुटेका मुक्त कमैया तथा कमलरी, लगत लिँदा कमैयाको हकमा २०५७ साउन २ गते र कमलरकिो हकमा २०७० असार १३ को मितिलाई आधार मानी त्यस अघि देखि कमैया श्रमिकको रूपमा काम गरेको व्यक्ति र हाल पनि कमैया श्रम गर्दै आईरहेकाहरूको लगत लिनु पर्ने ।

(ग) विगतमा कमैया श्रमिकको रूपमा काम गरेको तर हाल मृत्यू भै सकेको भए निजको श्रीमान वा श्रीमती वा एकाघर सगोलको व्यक्तिको नामबाट लगत संकलन गर्नु पर्ने ।

(घ) गणकले फारमको ७ नं मा रहेको स्वघोषणा राम्ररी पढी बाँची सुनाउनुका साथै त्यसको अर्थ समेत बुझाई दस्तखत गर्न लगाउनु पर्ने ।

(ङ) लगत संकलनकार्यमा विकास साझेदार संस्थाको सहयोग लिन सकिने ।

(च) गणना टोलीले स्थानीयतहका सबै वडाहरूमा लगत संकलन कार्य सुरु गर्ने ।

(छ) साविक लगतमा छुटेका कमैया, साविक लगतमा नाम भएतापनि पुनस्थापना प्रक्रियामा प्रवेश नगरेका, पुनस्थापना प्रक्रियामा प्रवेश गरी जग्गा प्राप्त गरेका तर विभिन्न कारणले भोग गर्न नपाएका र पुनस्थापना प्रक्रियामा प्राप्त हुनुपर्ने सुविधा मध्ये काठ बापतको रकम प्राप्त नगरेका कमैयाहरूको लगत संकलन गर्ने ।

(ज) साविक छुट हुन गएका कमैयाहरूको लगत संकलनको लागि भूमिसुधार कार्यालयले उपलब्ध गराएको परिचयपत्र वा कमैया तथा कम्लहरी निस्सा (चुट्का)लाई आधार मान्ने ।

(झ) जग्गा प्राप्त गरेका तर विभिन्न कारणले भोग गर्न नपाएका परिवारको हकमा त्यस्तो जग्गाको स्थलगत अवलोकन गरी जग्गा पहिचान र सो जग्गाको हालको स्थिति यकिन गर्ने । बसोबास वा खेतीको लागि जोखिम रहेको कारण भोग नगरेको भए सो जग्गा नेपाल सरकारमा फिर्ता गर्ने र कमैयालाई अन्यत्र जग्गा उपलब्ध गराउनु पर्ने सूचीमा संलग्न गर्ने ।

(ञ) काठको रकम नपाएका भनी विवरण पेश भएका कमैयाको हकमा वडा समीतिले सम्बन्धित मालपोत कार्यालयलाई काठ वा काठ बापतको रकम नपाएको सत्यापन गरी पठाइदिन अनुरोध गर्ने ।

(ट) साविक लगतमा छुट कमलरी, साविक लगतमा नाम भएतापनि परिचयपत्र प्राप्त नगरेका कमलरीहरूको विवरण संकलन गर्ने ।

**७) दाबी विरोध, लगतको सत्यापन र वर्गीकरणः**

(क) लगत संकलन सहजिकरण समितिले गणकबाट पेश भएको तथ्यांक सुची दाबी विरोधका लागि यसै कार्यविधिको अनुसुची–४ को ढाँचामा १५दिनको समय दिई वडा कार्यालयबाट सूचना प्रकाशित गर्ने ।

(ख) वडासमितिले लगतमा परेको दावी विरोध फ¥छयौट गरी सूची अद्यावधिक गर्ने ।

(ग) अद्यावधिक गरिएको लगत वडा समितिले सत्यापन ९खभचषष्अबतष्यल० गरी वर्गीकरण, प्रमाणीकरण, परिचयपत्र र पुर्नस्थापनाका लागि कार्यपालिकामा पेश गर्ने छ ।

(घ) लगत संकलन गरेका मुक्त कमैयाहरूलाई (क) र (ख)वर्गमा बिभाजन गरि वर्गीकरण गर्नुपर्नेछ ।

**वर्गिकरण गर्दा अपनाउनु पर्ने न्यूनतम मापदण्ड तथा आधारहरू निम्न छन्ः**

क. आफ्नो वा आफ्नो परिवारको नाममा २०५७ साल साउन २ गते अघि घर र जग्गा नभएकोलाई “क” वर्ग,

ख. सार्वजनिक वा सरकारी जग्गामा बसोबास गरेको र आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा नभएकोलाई “ख” वर्ग,

ग. आफ्नो वा आफ्नो परिवारको नाममा दुई कठ्ठासम्म जग्गा र घर भएकोलाई “ग” वर्ग,

घ. आफ्नो वा आफ्नो परिवारको नाममा दुई कठ्ठा भन्दा बढी जग्गा र घर भएकोलाई “घ” वर्ग ।

**८. प्रमाणीकरण र अनुमोदनः**

(क) वडा समितिबाट प्रमाणीकरणका लागि पेश हुन आएका कमैयाको मुलुकको अन्य स्थानमा जग्गा नभएको यकीन गर्न पालिकाले सम्बन्धित मालपोत कार्यालयमा पठाउने ।

(ख) मालपोत कार्यालयले आफ्नो भूमि अभिलेख व्यवस्थापन सूचना प्रणाली९ीच्ःक्ष्क्०मा भिडाइ अन्यत्र जग्गा नहुनेको नामावली कार्यपालिकामा फिर्ता पठाउने ।

(ग) मालपोतबाट यकीन भै प्राप्त हुन आएको लगत स्थानीय कार्यपालिकाले प्रमाणीकरण गर्नुपर्ने ।

(घ) प्रमाणीकरण र वर्गीकरण भएको सूची मुक्त कमैया पुनस्थापन समितिले अनुमोदनको लागि पालिकाको कार्यपालिका समक्ष पठाउनु पर्ने ।

**९. परिचयपत्र तयारी र वितरणः**

(क) दफा ८ वमोजिम मुक्त कमैयाहरूको सूची अनुमोदन गरि सकेपछि देहाय वमोजिमको रङ्गमा परिचयपत्र तयार गर्नु पर्ने ।

(अ) “क” वर्ग का कमैया श्रमिकलाई रातो परिचयपत्र ।

(आ) “ख” वर्ग का कमैया श्रमिकलाई निलो परिचयपत्र ।

(ख) परिचयपत्रको ढाँचा अनुसूचि २ मा निर्धारण भए वमोजिम हुनेछ ।

(ग) वर्गीकृत कमैया श्रमिकको नामावली र आवश्यक मात्रामा परिचयपत्रहरूको छपाइ स्थानीय तहले व्यवस्थापन गर्ने ।

**१०.** परिचय पत्र वितरण प्रक्रियाः वर्गीकृत मुक्त कमैयाहरूलाई सम्बन्धित स्थानीय तहले देहाय बमोजिमको प्रकिया पुरा गरी परिचयपत्र वितरण गर्नुपर्नेछः

(क) मुक्त कमैयाहरूको स्वीकृत नामावली र परिचयपत्र स्थानीय तहले मुक्त कमैया रहेका वडा कार्यालयहरूमा पठाउने।

(ख) वडा कार्यालयले सम्बन्धित मुक्त कमैयाहरूलाई परिचयपत्र लिनका लागि २ प्रति फोटो र सक्कल नागरिकता लिइ सम्पर्क राख्न आउनु भनी नामावली सहित सूचना प्रकाशित गर्ने।

(ग) सूचना बमोजिम सम्पर्क राख्न आउने मुक्त कमैयाहरूलाई निज सम्बन्धित व्यक्ति भए नभएको यकीन गरी परिचयपत्र तयार गर्ने।

(घ) परिचयपत्रमा भएका विवरण र फोटो समेतको अभिलेख किताव तयार गरी सोही किताबमा परिचयपत्र बुझिलिएको भनी दस्तखत गराइ परिचय पत्र बुझाउने।

(ङ) मुक्त कमैया परिचयपत्रको ढाँचा यसै कार्यविधिको अनुसुची २ मा राखिएको छ।

## परिच्छेद ३
## मूक्त कमैया श्रमिकले प्राप्त गर्ने सुविधा, कार्यक्रम र कार्ययोजना

**११.** प्राप्त गर्ने सुविधाः परिचयपत्र प्राप्त गरेका कमैया श्रमिकलाई बसोबासको सन्दर्भमा देहाय बमोजिमको सुविधा उपलव्ध गराइनेः

(क) "क" वर्गमा वर्गीकरण भै रातो परिचयपत्र प्राप्त गरेका मुक्त कमैया भूमिहीन परिवारलाई पालिकाले नेपाल सरकारको आवास मापदण्ड तथा महानगर, उपमहानगर र नगरपालिकाको सहरी क्षत्रेमा १३० वर्ग मि र अन्य क्षेत्रमा ३४० वर्गमिटर जमीन उपलव्ध गराउने।

(ख) कुनै भूमिहीन कमैया श्रमिकले कृषि प्रयोजनको लागि मात्र जग्गा लिन चाहेमा भूमि सम्बन्धी नियमहरू २०२१ को नियम ४१ (ख) बमोजिम तराइ र भित्री मधेशमा २ हजार वर्ग मिटर जग्गा उपलव्ध गराउन सकिने।

(ग) उपदफा (१) वमोजिमको जमीनमा कमैया श्रमिकको लागि पुनस्थापन समितिले तोकेको मापदण्ड वमोजिमका आवासीय इकाइहरू निर्माण गरी हस्तान्तरण गर्ने। वा

(घ) व्यक्तिगत रुपमा जमीन उपलव्ध नगराई निश्चित परिवारको लागि व्यवस्थित बस्ती विकास गरी आवास हस्तान्तरण गर्ने।

ङ) लगतमा नामभएका मुक्त कमैयाहरूलाई जग्गा खरिदका लागि रू......र घर निर्माणका लागि रू........... र घर मर्मतका लागि रू. ........ रकम उपलब्ध गराउनेछ।

नोटः स्थानीय तहले जग्गाको स्वामित्व कायम गर्न संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने र संघ र प्रदेशको सहयोगमा जग्गाको स्वामित्व कायम गराउनेछ।

**१२. जग्गा उपलव्ध गराउने विधिः**

(क) दफा ११ को (१) वमोजिम बसोबासको लागि जग्गा उपलव्ध गराउँदा जोखिमरहित, आवासीय क्षेत्रमा वर्गीकरण गर्न मिल्ने र रोजगारीको लागि सहज स्थानमा रहेको जग्गा पहिचान र छनौटको काम वडा समिति र मुक्त कमैयाहरूको परामर्शमा गरिनेछ।

(ख) उपदफा (१) बमोजिम पहिचान गरिएको जमीन साबिकमा नापी भएको जग्गा भए फिल्डबुक तथा प्लट रजिष्टर र नापी नभएको जग्गा भए नाप नक्शा गरी सोही आधारमा जग्गाधनी दर्ता श्रेस्ता तयार गर्नुपर्नेछ। यसरी तयार भएका दर्ता श्रेष्ता भूमि आयोगबाट वा आयोग नरहेको अवस्थामा पुनस्थापना समितिबाट प्रमाणित गरी नक्शा, फिल्डबुक र प्लट रजिष्टर नापी कार्यालयमा र जग्गाधनीपूर्जा तथा श्रेस्ता मालपोत कार्यालयमा पठाउनु पर्नेछ।

(ग) उपदफा (२) बमोजिम मालपोत कार्यालयमा पठाइएका जग्गाधनीपूर्जा र श्रेस्ता मालपोत कार्यालयको भू–सूचना अभिलेख प्रणालिमा अद्यावधिक भएपछि श्रेस्ता मालपोत कार्यालयमै राखी जग्गाधनी पुर्जा सम्वन्धित व्यक्तिलाई उपलव्ध गराउनु पर्ने।

(घ) यस कार्यविधि बमोजिम जग्गा उपलव्ध गराउँदा पतिपत्नी सगोलमा बसेको भए सगोल पूर्जा कायम गरिदिनु पर्ने ।

(ङ) यसरी उपलब्ध गराएको जग्गा दश बर्षसम्म विक्रीवितरण गर्न नपाइने व्यहोरा जग्गाधनीपुर्जा मै उल्लेखित गरिने छ । साथै दशवर्ष पछि पनि भूमिहीन हुने गरी बेच्न नपाइने व्यहोरा जानकारी गराउनु पर्नेछ ।

**१३. भूक्तानी दिन बाँकी रकम उपलव्ध गराउने विधिः**

(क) सम्बन्धित मालपोत कार्यालयहरूबाट भुक्तानी हुन बाँकी मुक्त कमैयाहरूको तथ्यांक माग गर्ने, आवश्यक रकम आँकलन गरी बजेट तर्जुमा गर्ने, अर्थ मन्त्रालयबाट निकासाका लागि माग गर्ने,

(ख) स्थानीय तहले आंशिक रकम भुक्तानी हुन बाँकी रहेका मुक्त कमैयाहरूको नामावलि सहितको विवरण मालपोत कार्यालयबाट माग गर्ने । मालपोत कार्यालयले सम्बन्धित स्थानीय तहलाई विवरण पठाउने ।

(ग) स्थानीय तहले मुक्त कमैयाहरूलाई वडा कार्यालयबाट आफु कमैया भएको सिफारिस सहित रकम भुक्तानी लिन आउन सूचना प्रकाशन गर्ने, आफ्नो वेबसाइटमा राख्ने र स्थानीय सञ्चार माध्यम मार्फत् प्रचार प्रसार गर्ने ।

(घ) उपदफा (३) वमोजिम सम्पर्क राख्न आएका व्यक्ति सरोकारवाला कमैया भएको यकीन गरी रकम भुक्तानी दिने । भुक्तानी लिए दिएको अभिलेख अद्यावधिक राख्ने ।

**(१४) मुक्त कमलरीको सम्बन्धमा**

(क) साविक लगतमा नाम समावेश भएका तर हालसम्म परिचयपत्र नपाएका कमलीररूको विवरण सम्बन्धित जिल्लाको मालपोत कार्यालयबाट प्राप्त गर्ने ।

(ख) साविक र हालको लगतमा नाम समावेश भएका तर परिचयपत्र पाउन बाँकी कमलरीहरूलाई परियचपत्र प्रदान गर्नका लागि स्थानीय तहले परिचयपत्र र बैठक भत्ता लगायतको रकम उपलब्ध गराउने ।

(ग) सम्बन्धित स्थानीय तहहरूले परिचयपत्र लिन आउन कमलरीहरूलाई सूचना प्रकाशित गर्ने ।

(घ) सम्पर्क राखन आउने कमलरीहरूको पहिचान यकीन गरी परिचयपत्र प्रदान गर्ने । परिचय पत्र लिएको दिउको अभिलेख अद्यावधिक गरी राख्ने ।

(ङ) परिचयपत्र पाएका कमलरीहरूलाई पुनस्थापना सम्बन्धी कार्यक्रममा सहभागी गराउने ।

(च) मुक्त कमलरीको पुनस्थापनाका लागि मुख्य रूपमा शिक्षा तथा रोजगारीका लागि सीप तालिममा जोड दिने । शिक्षामा पनि मूलतः व्यावसायिक र प्राविधिक शिक्षामा प्राथमिकता दिने ।

(छ) अभिभावकविहीन, बासविहीन अविवाहित मुक्त कमलरीहरूलाई प्रदान गर्ने पुनस्थापना कार्यक्रममा रातो परिचयपत्र प्राप्त क वर्गको कमैया श्रमिकको रूपमा रोजगारी र शिक्षा मात्र नभएर जमिन, घरसमेत प्रदान गर्ने ।

(ज) बलात्कारको शिकार भएका र त्यही कारण अविवाहित अवस्थामै आमा बनेका मुक्त कमलरीहरूलाई न्याय प्रदान गर्न सरकारले गृह मन्त्रालय मार्पmत् ढिलै पनि न्यायिक छानबिन समीति बनाउने र दोषीलाई कानूनको कठघरामा उभ्याउने ।

**१५) पुनरुथापना सम्बन्धी कार्यक्रमः**

**१५.१ नीति प्रभावकारिता अनुभूत कार्यक्रमः**

क) लगत संकलनको सूचना पु¥याउन, सूचना बमोजिम लगतमा समावेश गराउन, लगतमा कोही छुट नभएको सुनिश्चित गर्ने, वर्गीकरण बमोजिमको परिचयपत्रको उपलब्धता सुनिश्चित गर्न कमैया श्रमिकको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थासँग समेत समन्वय र सहजीकरण गर्ने ।

ख) कमैया श्रमिकको उत्थानको लागि सरकारको कार्यक्रमसँग तादात्मय र अनुभूतयोग्य उपलब्धि (त्वलनष्भि च्भकगति) प्राप्त गर्ने गरी आर्थिक तथा प्राविधिक सहायता गर्न विकास साझेदार संस्थालाई समेत सहभागी गराउने ।

**१५.२ सुरक्षित बसोबास कार्यक्रमः**

(क) बसोबासको लागि जोखिमरहित जग्गा पहिचानः

(अ) भौगोलिक र भौगर्भिक रूपले जोखिम नभएको सुनिश्चित गर्ने,

(आ) विकास निर्माणका कारण भविष्यमा जोखिम नहुने यकीन गर्ने,

(इ) उक्त स्थान नजिक रोजगारी प्राप्त हुने सुनिश्चित गर्ने,

(ई) भू–उपयोग ऐन र नियमावली वमोजिम आवासीय क्षेत्रमा वर्गीकरण भएको यकीन गर्ने ।

(ख) बस्तीमा आधारभूत पूर्वाधारको विकास, आधारभूत सेवामा निश्चित शुल्क छुट र व्यवस्थित र एकीकृत बस्ती बिकासमा विकास साझेदार संस्थासँगको सहभागिताः

(अ) सडक, विजुली, खानेपानी, टेलिफोन, ईन्टरनेट, शिक्षा र स्वास्थ्यको सुविधाभएको वा पु¥याउनु पर्ने ।

(आ) खुला ठाउँ, सुरक्षाको प्रवन्ध, वस्तु र सेवा विनिमयको अवसर हुनुपर्ने ।

(इ) वातावरणीय स्वच्छताकायम गर्न र फोहर व्यवस्थापनको प्रवन्ध गर्नुपर्ने ।

(ई) कमैया श्रमिक बस्तीका आधारभूत सेवामा निश्चित शुल्क छुट ।

(उ) खानेपानीमा १० युनिट र विजुलीमा २० युनिट सम्म छुट दिने ।

(ऊ) मुक्त कमैयाका विद्यालय जाने बालबालिकाहरूलाई निशुल्क पुस्तक, खाजा, स्टेस्नरी र अध्ययन शुल्कमा पूर्ण छुट दिने । शिक्षक दरबन्दीको अभाव वा अन्य कुनै कारणले कतै कुनै नाममा शुल्क लिइरहेको भए सो स्थानीय तहले बेहोरिदिने ।

(ए) सार्वजनिक स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिक र महिलाहरूको लागि औषधोपचारमा छुट दिने ।

(ऐ) उल्लेखित कार्यका लागि नगरपालिका, गाउँपालिकाले अनुदान उपलव्ध गराउने ।

(ओ) व्यवस्थित र एकीकृत बस्ती विकासमा विकास साझेदार संस्थासँगको सहभागिताका लागि समन्वय तथा साझेदारी गर्ने ।

(औ) जोखिमरहित स्थान पहिचानमा आवश्यक प्राविधिक सहयोग गर्ने ।

(अं) ब्यवस्थित आवास निर्माणको लागि स्थापना गरिएको वास्केट फण्डमा योगदान गर्ने ।

(अः) उल्लेखित कार्यका लागि सचिवालयले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ग)काठको रकम भुक्तानी

(१) कमैयाहरूको लागि काठको रकम ६ महिना भित्र उपलब्ध गराउने ।

**१६ सामाजिक सुधार र सशक्तिकरण कार्यक्रमः**

(क) मुक्त कमैया समुह गठन, सशक्तिकरण र सीप विकास तथा व्यावसायिक तालिम ः

(१) समान प्रकृतिको रुची र दक्षताका आधारमा हरेक बस्तीमा कमैया समूह गठन गर्ने र उनीहरूको सशक्तिकरणका लागि कार्यक्रम सञ्चालन गर्ने ।

(२) सीप उपयोग र प्रविधि हस्तान्तरणका क्षेत्रहरूबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(३) मुक्त कमैया लक्षित सीप विकास तथा व्यवसायिक तालिम प्रदान गर्ने ।

(४) उमेर, क्षमता र इच्छा अनुसार प्रत्येक वडामा आधारभूत तालिम ३ महिनासम्मको छोटो अवधिको तालिमको व्यवस्था र संचालन गर्ने ।

(५) विशेष दक्षता तालिम लिन चाहने मुक्त कमैयाहरूलाई आवश्यक श्रोत, साधनको प्रबन्ध मिलाई तालिम प्रदान गरिनेछ ।

(६) सीप तालिमपछि रू. १ लाखको बीउपुँजी र जरुरी यन्त्र उपकरण प्रदान गर्ने । यसका लागि स्थानीय तहले प्रदेश सरकार र सहयोगी दातृसंस्थासँग समेत समन्वय गरी अनुदान प्रदान गर्ने ।

(७) आफ्ना व्यवसायलाई प्रभावकारी बनाउन आवश्यक पर्ने कर्जा लिनका लागि विना धितो कर्जा उपलब्ध गराई ऋण चुक्ताका लागिसमिति बनाई आवश्यक सहजीकरण गर्ने ।

(ख) शैक्षिक विकास कार्यक्रमः

(१) मुक्त कमैया लक्षित शिक्षामा पहुँच वृद्धि कार्यक्रम संचालन गर्ने ।

(२) आधारभूत तहका मुक्त कमैयाका छात्रछात्रालाई विशेष छात्रबृति सहित शैक्षिक सामग्री उपलव्ध गराउने ।

(३) प्राविधिक र व्यवसायिक शिक्षामा मुक्त कमैयाका बालबालिकालाई प्राथमिकतामा राखि पूर्ण छात्रबृति प्रदान गर्ने ।

(ग) स्वास्थ्य उपचार तथा स्वास्थ्य विमा कार्यक्रमः

(१) स्वास्थ्य सेवामा पहुँच वृद्धि विशेष कार्यक्रम संचालन गर्ने ।

(२) मुक्त कमैयाहरूको स्वास्थ्य बीमा शुल्क वापत ५०% स्थानीय तहले व्यहोर्ने ।

(३) खोप तथा विशेष खोपहरूमा प्राथमिकता दिने ।

(४) स्थानीय स्तरमा उपचार संभव नभएको भनि चिकित्सकले सिफारिस गरेका मुक्त कमैयालाई रेफरल अस्पतालमा नि.शुल्क उपचारको व्यवस्था गर्न सिफारिस गर्ने ।

(५) महिला स्वयसेविका र मातृशिशु कार्यकर्ता जस्ता आधारभूत स्वास्थ्य सेवाको काम गर्ने पदहरूमा भर्ना लिँदा न्यूनतम योग्यतापुगेका मुक्त कमैयाका महिलाहरूलाई १०% आरक्षण दिने ।

(६) मुक्त कमैयाको बस्तीमा नियमित स्वास्थ्य परिक्षण तथा प्रत्येक त्रैमासिकमा विशेषज्ञ चिकित्सकको सेवा उपलव्ध गराउने ।

(घ) समावेशीता तथा सहभागिता अभिबृद्धिः

(क) आमा समुह, टोल सुधार समिति, खानेपानी उपभोक्ता समुह जस्ता सामुदायिक संस्थामा अर्थपुर्ण सहभागितामा प्राथमिकता दिने ।

(ख) पालिकास्तरीय तथा वडास्तरीय विभिन्न कार्यक्रम कार्यान्वयनका सन्दर्भमा गठन हुने समितिहरूमा प्रतिनिधित्व गराउने ।

(ग) मुक्त कमैया सम्बन्धी नीतिनिर्माण गर्ने स्थानीय तहका कुनै पनि सामाजिक संयन्त्रमा मुक्त कमैयाहरूको प्रतिनिधित्व गराउने ।

(ङ) सशक्तिकरणमा विकास साझेदार संस्थाको सहभागिताः

(क) प्रत्येक स्थानीय तहमा तालिमप्राप्त गरेका मुक्त कमैयालाई तालिम अनुसारको सीप प्रयोग गर्न औजार, यन्त्र उपकरण उपलव्ध गराउने ।

(ख) आफ्नै व्यवसाय सुरु गरी अन्यलाई पनि रोजगारी दिने मुक्त कमैयालाई क्षमता अभिवृद्धि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्हउयकगचभ खष्कष्त को अवसर उपलव्ध गराउने ।

(ग) पुनस्थापन कार्यमा संलग्न स्थानीय तह र वडा समितिमा रहेका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा अवलोकन भ्रमणको लागि भ्हउयकगचभ ख्ष्कष्त गराउने ।

(घ) लगत संकलनको लागि आवश्यक मोड्यूल तथा सफ्टवेयर र उपकरण उपलव्ध गराई उपयोग गर्न सक्षम बनाउने ।

(ङ) उपरोक्त कार्यहरू गर्दा विकास साझेदार संस्था, संघ र प्रदेश सरकारसँगको समन्वय गर्ने ।

## १७ जीविकोपार्जन तथा आर्थिक सुधार कार्यक्रमः

मुक्त कमैयाहरूको जीवनस्तरमा सुधार ल्याउन उनीहरूमा आत्मवल, सीप विकास र क्षमता अनुसार दक्षता अभिवृद्धि गरी वृति विकासमा टेवा पुऱ्याउन देहायका कार्यक्रमहरू सञ्चालन गरिनेछः

(क) मुक्त कमैयाबाट निर्माण भएका कृषि समुह, बचत समुह, सहकारी र संस्थालाई दर्तामा सहजीकरण, तालिम, अवलोकन भ्रमण, बिउ, बिजन, बिउपूँजी कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सहकारी सञ्चालनको लागि सेयर सदस्यको आधारमा वीउपूँजी उपलव्ध गराउने ।

(ग) स्थानीय कृषिउत्पादन खरीद र बिक्री गर्ने सहकारीलाई पसलको भाडाको ५०% तिरिदिने ।

(घ) मुक्त कमैया परिवारमा रहेका महिला र पुरुषको रुची र क्षमता हेरी सिलाइ कटाइ, च्याउखेती, बेमौसमी तरकारी, फलफूल तथा तरकारी घुम्ती व्यवसाय, घरेलु अचार उद्योग, प्याकेजिङ्ग, ड्राइभिङ्ग, सैलुन,विद्युतीय सामान वायरिङ्ग र मर्मत, डकर्मी, मोटरसाइकल मर्मत, कुखुरापालन, माछापालन, बेतबाँसबाट मुढा बनाउने, हाउस पेण्टिङ्ग, सिकर्मी, होटल

म्यानेजमेन्ट, प्लम्बिंग, आरन, मार्वल टायल फिटिङ्ग, लगायत स्थानीय स्तरमा उपयोगी हुने तालिम  सञ्चालन गरि सामुहिक र व्यक्तिगत रूपमा व्यवसाय सञ्चालन गर्न आवश्यक मेशिनरी औजार तथा उपकरण उपलव्ध गराउने।

(ङ) जग्गाभाडामा लिई सामुहिक कृषिउत्पादन व्यवसाय सञ्चालन गर्ने।

**१८ रोजगार प्रवद्र्धधन कार्यक्रमः**

(क) प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा मुक्त कमैयालाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने।

(ख) सीप वा सेवा बेच्न चाहने व्यक्तिको दक्षता र सम्पर्क नम्वर ९क्पषि्ि क्ष्लखभलतचथ० अद्यावधिक गर्ने।

(ग) श्रम वा सेवा आवश्यक पर्ने व्यक्ति संस्था वा निकायले रोजगार केन्द्र मार्फत सम्बन्धित व्यक्तिसँग सम्पर्क गर्न सक्ने व्यवस्थाको प्रचार प्रसार गर्ने।

(घ) स्थानीय सरकारले मुक्त कमैयाहरूलाई तत्काल आवश्यक उपकरण उपलव्ध गराउने।

(ङ) स्थानीय तहमा सञ्चालन हुने प्रधानमन्त्री स्वरोजगार कार्यक्रम वा मुख्यमन्त्री रोजगार कार्यक्रममा सम्बन्धित कार्यक्रमले कूल रोजगारीको कम्तिमा १०% कमैया श्रमिकलाई उपलव्ध गराउनका लागि स्थानीय तहले प्रदेश र संघ सरकारसँग समन्वय गर्ने।

(च) मुक्त कमैयाहरूलाई रोजगारी दिने स्थानीय तहमा रहेका निजी व्यवसायिक संस्थालाई प्रति रोजगार ५% व्यवसाय कर छुट दिने।

**१९ स्वरोजगारको लागि बीउपूँजीः**

(क) सीप र दक्षता भएका तर लगानी क्षमता नभएका मुक्त कमैयाहरूलाई व्यवसाय सुरु गर्न स्थानीय तहले व्याज अनुदानमा एक पटक सुरु पूँजी उपलव्ध गराउने।

(ख) बीउपूँजी लिएका मुक्त कमैया व्यवसायीको उत्पादन सहकारी पसलले अनिवार्य किन्नु पर्ने व्यवस्था गर्ने।

**२० कृषिजन्य कामको लागि लिजमा जग्गाः**

(क) पालिकामा रहेका मध्ये व्यक्ति तथा सरकारी पोखरी वा तलाउलाई माछापालनको लागि शर्तसहित उपलव्ध गराउने।

(ख) पालिकामा हाल उपयोगमा नरहेका नदी उकास, सरकारी ऐलानी, पर्ति लगायत जग्गा कृषिकार्यका लागि सशर्त उपलव्ध गराउने।

## परिच्छेद ४
## कार्यान्वयन संयन्त्र र जिम्मेवारी

**२१. कार्यान्वयन संरचनाः**

मुक्त कमैया पुनस्र्थापन गर्न लगत संकलन कार्यमा वडा समिति, कार्यान्वयनको मुख्य जिम्मेवारीमा सम्बन्धित स्थानीय तह, स्रोत व्यवस्था, समन्वय र अनुगमनको लागि प्रदेश र संघ सरकारको भूमिका रहनेछ।

**२२. पालिका स्तरीय मुक्त कमैया पुनस्र्थापना समितिः**

(१) मुक्त कमैयाहरूको पुनस्र्थापन सम्बन्धी कार्य गर्न स्थानीय तहमा देहाय बमोजिमको पुनस्र्थापना समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका÷नगरपालिकाको अध्यक्ष÷प्रमुख | –संयोजक |
| (ख) कमैया÷जनजाति तथा अल्पसंख्यक सभाका सदस्य १ महिला सहित | –२ जना सदस्य |
| (ग) राष्ट्रिय भूमि आयोगको सम्बन्धित पालिका हेर्ने प्रतिनिधि | –सदस्य |
| (घ) सम्बन्धित पालिकाको कमैया प्रतिनिधि १ महिला सहित | –२ जना सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | –सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) पुनस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।

(५) समितिको सचिवालय समेत रहनेछ ।

**२३ पुनस्थापना समितिको काम र कर्तव्यः**

पुनस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पुनस्थापन सम्बन्धी नीति र कार्ययोजना तर्जुमा गर्ने,

(ख) स्वीकृत नीति र कार्ययोजना कार्यान्वयनको लागि स्थानीय तहमा पठाउने,

(ग) पुनस्थापन सम्बन्धी वार्षिक कार्यक्रम स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने,

(घ) मुक्त कमैयाहरूको लगत संकलन कार्यको लागि सूचना प्रकाशन गर्न निर्देशन दिने,

(ङ) पुनस्थापना कार्यको उपलव्धी सूचकका आधारमा नियमित रूपमा त्रैमासिक र वार्षिक समीक्षा गरी सुधारात्मक उपायहरू अवलम्वन गर्न निर्देशन दिने ।

(च) छिटो छरितो र न्यायिक पुनस्थापनका लागि संघ र प्रदेश सरकारसँग समन्वय गर्ने ।

(छ) समाज कल्याण परिषद्सँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायलाई सहकार्य गर्न आमन्त्रण र सहजीकरण गर्ने ।

**२४ पुनस्थापन समितिको सचिवालयः**

मुक्त कमैया पुनस्थापन सम्बन्धी कार्यमा सहजीकरण गर्न स्थानीय तहमा समितिको सचिवालय रहनेछ जसको काम देहाय बमोजिम हुनेछः

(क) पुनस्थापनकार्यको लागि समर्पित शाखा ९म्भमषअबतभम क्भअतष्यल० र कर्मचारी तोक्ने ।

(ख) बार्षिक कार्यक्रम, कार्ययोजना र कार्यान्वयनका उपलव्धी सूचक तर्जुमा गरी पुनस्थापन समितिबाट स्वीकृत गराउने ।

(ग) पुनस्थापना समितिबाट स्वीकृत भए बमोजिम मुक्त कमैयाहरूको पहिचानको लागि लगत संकलन कार्य सञ्चालन गर्न अवधि तोकी सूचना प्रकाशन गर्ने ।

(घ) स्वीकृत कार्यक्रम कार्ययोजना बमोजिम कार्यान्वयनको लागि सम्बन्धित निकाय र स्थानीय तहमा पठाउने ।

(ङ) आंशिक सुविधा दिनुपर्ने मुक्त कमैयाहरूको लागि आवश्यक बजेटको व्यवस्था गर्न सम्बन्धित निकायमा लेखि पठाउने ।

(च) पुनस्थापन कार्यको अनुगमन गरी सुधारात्मक उपाय अवलम्वन गर्न पुनस्थापन समितिमा पेश गर्ने ।

(छ) पुनस्थापना समितिसँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायबाट प्राप्त सहयोगको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ज) पुनस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

**२५ वडा समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः**

(क) लगत संकलनको सूचना प्रकाशित भएपछि लगत संकलन सहजीकरण समिति गठन गरी लगत संकलनको कार्य सुरु गर्ने ।

(ख) लगत संकलन सहजीकरण समितिबाट संकलित लगत सिफारिस सहित पालिकामा पेश गर्ने ।

(घ) पालिकाबाट वर्गीकरण भै आएका मुक्त कमैयाहरूलाई परिचयपत्र वितरण गर्ने ।

(ङ) यस अघि पुनस्थापनको क्रममा सबै सुबिधा नपाएका मुक्त कमैयाहरूलाई आंशिक सुविधा लिन सहजीकरण गर्ने ।

(च) रातो परिचयपत्र पाएका मुक्त कमैयालाई ब्यवस्थित बस्ती विकास गर्न जग्गा पहिचानको लागि स्थानीय तहसँग सहजीकरण गर्ने ।

## परिच्छेद ५

## विविध

**२६ जनशक्ति व्यवस्थाः**

(क) मुक्त कमैया पुनस्थापना कार्यलाई प्रभावकारी बनाउन र समितिको कामलाई व्यवस्थित गर्न स्थानीय तहले एक जना नायव सुब्बा सरहको कर्मचारीलाई फोकल प्वाईन्ट तोक्न सक्नेछ।

(ख) लगत संकलनको लागि वडामा गणना अवधिको लागि करारमा आवश्यक संख्यामा गणक नियुक्त गर्न सक्नेछ।

**२७ सेवा सुविधाः**

(क) पुनस्थापन समितिले तोकेको कर्मचारीलाई शुरु तलव स्केलको पच्चीस प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउनु पर्नेछ। तर पुनस्थापन कार्यक्रम कै लागि नयाँ कर्मचारी करारमा भर्ना गरिएको भए यस्तो थप प्रोत्साहन भत्ता उपलव्ध हुने छैन।

(ख) पुनस्थापन समितिमा प्रतिनिधित्व गर्ने समितिका सदस्यलाई बैठकमा भाग लिन आउँदा नेपाल सरकारको नीतिअनुरुप दैनिकभत्ता, बैठक भत्ता र भ्रमण खर्च उपलव्ध गराउनु पर्नेछ।

(ग) वडा कार्यालयको सचिवलाई शुरु तलव स्केलको बढीमा पच्चीस प्रतिशत प्रोत्साहन भत्ता, लगत संकलनको लागि वडामा भर्ना गरिएका गणकलाई पद अनुसारको तलव स्केल, गणनामा संलग्न हुने मुक्त कमैया प्रतिनिधिलाई सहायक पाँचौं सरह, दैनिक भत्ता उपलव्ध गराउनु पर्नेछ। लगत संकलनको लागि भ्रमण गर्ने कर्मचारीले स्थानीय दररेट अनुसार यातायात खर्च पाउनेछन्।

(घ) पुनस्थापना कार्यको अनुगमनमा जाने पदाधिकारीले आफ्नो पद अनुसारको दैनिक तथा भ्रमण भत्ता पाउने छन्। अनुगमन टोलीको नेतृत्व अधिकृत स्तरका कर्मचारीले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) पुनस्थापनाको सन्दर्भमा बस्ने बैठकहरूमा प्रचलित आर्थिक नियमअनुसार भत्ता र खाजा खर्च उपलब्ध हुनेछ।

**२८ स्पष्ट नभएको विषयमाः**

(क) मुक्त कमैयालाई बसोबासको लागि जग्गा उपलव्ध गराउने विषयमा यस कार्यविधिमा स्पष्ट नभएको विषयमा भूमि सम्बन्धी ऐन, २०२१ र भूमि सम्बन्धी नियमहरू, २०२१मा भएको व्यवस्था बमोजिमको प्रक्रिया अवलम्वन गर्न प्रदेश सरकार मार्फत संघीय सरकारसँग समन्वय गर्नुपर्नेछ।

(ख) संघ, प्रदेश र स्थानीय तहहरूले मुक्त कमैयाहरूको उत्थान गर्न विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्न यस कार्यविधिले बाधा पु¥याउने छैन।

**२९ बाझिएमा गर्नेः**

यस कार्यविधिमा उल्लेख भएको कुरा नेपालको संविधान, प्रचलित ऐन, नियमसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

**३० अनुसुचिमा थप र हेरफेरः**

पुनस्थापना समितिले यस कार्यविधिमा रहेका अनुसूचिमा आवश्यकता अनुसार थप र हेरफेर गर्न सक्नेछ।

**३१ बाधा अड्काउ परेमाः**

यस कार्यविधि बमोजिम कुनै कार्य गर्दा द्विविधा भइ वाधा उत्पन्न भएमा पुनस्थापना समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

**(कार्यविधिको दफा ३ को (६) सँग सम्बन्धित)**

# मुक्त कमैया लगत संकलन एवं स्वघोषणा फारम

जिल्लाः....... पालिकाः........ वडा.... नः

साविकको गाविस÷नपाः ...........

**१) मुक्त कमैया पहिचानः**

(क) तपाईको परिवारबाट पहिले कोही अन्यत्र कमैया बस्नु भएको थियो?..........थियो/थिएन)

प्रश्न (क) को उत्तर “थियो” भएमा मात्र अरु प्रश्न सोध्ने। (थिएन भने ८ को १मा टिक लगाउने)

(ख) तपाईंको नाम के हो? ...........................कमैया बसेको व्यक्तिलाई नै सोधेर उत्तरदाताको नाम लेख्ने)

(ग) तपाईं कहिले देखि कमैया बस्नु भएको थियो? मितिः.........

(घ) तपाई कस्को घरमा कमैया बस्नु भएको थियो? ..........साहुको नाम लेख्ने)

२) नेपाल सरकारले यस अघि संकलन गरेको मुक्त कमैयाको लगतमा तपाईंको नाम समावेश भएको छ ?............छ भने ४ बाट सुरु गर्ने। छैन भने ८ को ५ मा टिक लगाउने र प्रश्न ३ सोध्ने)

**३) पारिवारिक विवरणः**

| क्र सं | परिवारका सदस्यको नाम | घरमूली सँग नाता | लिङ्ग | उमेर | शिक्षा | जन्म दर्ता (छ/छैन) | नागरिकता (छ/छैन) | हाल बसेको ठाउँ आफ्नो पूर्जा(१) साहुको(२) सरकारी/सार्वजनिक(३) | आफ्नो पूर्जा भएको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

४) तपाईंले यस अघिको पुनस्थापन कार्यक्रमबाट कुनै सुविधा प्राप्त गर्न बाँकी छ ? ......(छ भने मात्र प्रश्न ५मा जाने, छैन भने ८ को २ मा टिक लगाउने, थप नसोध्ने ।)

५) तपाईंले यस अघिको पुनस्थापन कार्यक्रमबाट के सुविधा लिनु भएको थियो ?.................

६) तपाइले के सुविधा पाउन बाँकी छ ?............( आंशिक बाँकी छ । सबै बाँकी छ । सबै बाँकी भए ८ को ४ मा टिक लाउने ।)

(१) ...........

(२) ...........

(३) ..........

(घर निर्माण खर्च, घर निर्माण दोस्रो किस्तावा घर मर्मत दोस्रो किस्तायीमध्ये कुनै उत्तर आए ८ को ३ मा टिक लगाउने)

७) **उत्तरदाताको स्वघोषणाः**

म र मेरो परिवारको नाममा मुलुकभर दर्ता भएको वा दर्ता बाँकी जग्गा छैन ।जग्गा खरिद गर्ने हाम्रो क्षमता छैन । म र मेरो परिवारको सदस्यले विगतमा राज्यबाट जग्गा वा आवासको स्वामित्व प्राप्त गरेको छैन । अंश बापत म र परिवारको कुनै सदस्यले जग्गा पाउने सम्भावना छैन । साथै आफ्नो वा परिवारको नाममा रहेको सम्पूर्ण जग्गा कुनै प्रकारले हक हस्तान्तरण गरेको छैन ।उल्लिखित कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| **औंठा छाप** | | **हस्ताक्षर** |
|---|---|---|
| **दाँया** | **वाँया** | |
| | | |
| सम्बन्धित व्यक्तिको सम्पर्क नं......................................... | | |

८) **लगत संकलन कार्यदलको रायः**

| | | |
|---|---|---|
| १) | मुक्त कमैया होइनः लगतमा समावेश गर्नु परेन । | |
| २) | मुक्त कमैया होः निजले सुविधा लिइसकेकोले लगतमा समावेश गर्नु परेन । | |
| ३) | मुक्त कमैया होः निजलाई आंशिक सुविधा दिन बाँकी छ । | |
| ४) | मुक्त कमैया होः पहिले लगतमा नाम समावेश भएपनि सुविधा लिएको छैन । | |
| ५) | मुक्त कमैया होः यस अघिको लगतमा नाम समावेश छैन । लगतमा समावेश गर्नुपर्ने । | |

| **फारम भर्ने कर्मचारीको** | **वडाप्रतिनिधिको** |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |

| | |
|---|---|
| मितिः<br>सम्पर्क नं | मितिः<br>सम्पर्क नं |

**अनुसूची २**

**परिचयपत्रको ढाँचा**

**(कार्यविधिको दफा १० को (५) सँग सम्बन्धित)**

अगाडि

राप्ती गाउँपालिका÷ नगरपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ

मुक्त कमैया परिचयपत्र

वर्ग .....

फोटो

नामः

ठेगानाः............ वडा नं.........

नागरिकता नं...........

(प्रमाणित गर्नेको सही)

पछाडी

बाबुको नामः

पति वा पत्नीको नामः

आफु समेत परिवार संख्याः

परिचयपत्र पाउनेको दस्तखतः

पारिवारिक विवरण

(यो परिचयपत्र कसैले भेट्टाएमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहमा बुझाइदिनु होला।)

**अनुसूची ३**
**(कार्यविधिको दफा ३ को (२) सँग सम्बन्धित)**

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

विषयः मुक्त कमैया लगतमा नाम समावेश गर्ने।

मुक्त कमैया पुनस्थापन समितिको मिति २०.........।...... ।...... को निर्णयानुसार देहायको क्षेत्रमा रहेका मुक्त कमैयाहरूको लगत संकलन गर्ने कार्यका लागि मिति २०.......। । देखि २०.....। । सम्म सम्बन्धित स्थानीय तहको वडा स्तरमा गणना टोली परिचालन हुने भएकोले उक्त टोली समक्ष आफ्नो नामनामेसी टिपाउन सरोकारवाला मुक्त कमैयालाई जानकारी गराइन्छ।

लगत संकलन कार्यको लागि गणना टोली खटिने क्षेत्र
प्रदेशः
जिल्लाः
स्थानीय तहः

**अनुसूची ४**
**(कार्यविधिको दफा ७ को (क)सँग सम्बन्धित)**

राप्ती गाँउपालिका
....... नं वडा कार्यालय
लगत संकलन सहजीकरण समिति

विषयः दाबी विरोध गर्ने सम्वन्धमा।

मुक्त कमैया पुनस्र्थापन समितिको सचिवालयको मिति २०...।।।को सूचना बमोजिम यस वडामा मिति २०...... ÷ ÷ देखि मिति २०......÷ ÷ सम्म मुक्त कमैया लगत संकलन गर्ने परिचालन गरिएको गणना टोलीबाट प्राप्त विवरण निम्नानुसार रहेको छ। यस विवरणमा कुनै व्यहोरा फरक परेको वा विवरण सत्य नरहेको भए यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र यस समितिमा जानकारी गराइ विवरण अद्यावधिक गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क. साविक लगतमा नाम समावेश भै कुनै सुविधा नपाएका मुक्त कमैया
१
२
३

ख. साविकको लगतमा छुट भएका मुक्त कमैयाहरू
१.
२.
३

ग. पहिलो पटक लगतमा नाम समावेश हुन आएका मुक्त कमैया
१.
२.
३

घ. साविक लगतमा नाम समावेश भै आंशिक सुविधा लिन बाँकी मुक्त कमैया
१.
२.
३.

**अनुसूची ५**

**कार्यक्रम कार्यान्वयन कार्ययोजना**

| क्र.स. | क्रियाकलापहरू | मिति | स्थान | अनुमानित बजेट | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रमुख | सहायक |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले,

नेब बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत